# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०३।१५ गते

## प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------------

जिल्ला सुर्खेत साविक लेखफर्सा-६ महेन्द्रगञ्ज हाल लेकवेशी नगरपालिका वडा नं.-७ लेखफर्सा, महेन्द्रगञ्जस्थित श्री आदर्श माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकको मिलेमतोमा सो विद्यालयमा कार्यरत नरहेको ब्यक्तिको नक्कली नियुक्ति बनाई रकम निकासा गराई रकम हिनामिना गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा विद्यालय व्यवस्थापन समितिको सदस्य-सचिव तथा प्रधानाध्यापकको प्रशासनिक जिम्मेवारी समेत सम्हालेका भीम बहादुर ज्ञामीले विद्यालयमा अनुपस्थित मा.वि. शिक्षकको नाममा जिल्ला शिक्षा कार्यालयबाट तत्कालीन प्रधानाध्यापक भीम बहादुर ज्ञामी, तत्कालीन खातावाला तथा लेखा शिक्षक भक्त बहादुर ज्ञामीले किर्ते हाजिर र तत्कालीन स्रोत व्यक्ति दल बहादुर सिंहको सिफारिसको आधारमा एक वर्षको तलब स्वरूप जम्मा रू.२,३८,५३०।—(दुई लाख अठतीस हजार पाँच सय तीस) नक्कली कागजात खडा गरी रकम बदनियतपूर्ण तरिकाबाट निकासा माग गरी हिनामिना गरेको देखिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजहरू भीम बहादुर ज्ञामी, भक्त बहादुर ज्ञामी र दल बहादुर सिंहलाई बिगो रू.२,३८,५३०।—(दुई लाख अठतीस हजार पाँच सय तीस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन र हिनामिना हानिनोक्सानी भएको बिगो रू.२,३८,५३०।—(दुई लाख अठतीस हजार पाँच सय तीस) निज प्रतिबादीहरूबाट ऐ.ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदाबी लिई आज विशेष अदालत, काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता